पन्ध्रौं नगरसभाको बैठकमा नगर उपप्रमुख श्री राजेश बानियाँद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को हेटौंडा उपमहानगरपालिकाको बजेट वक्तव्य

हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

संवत् २०८१ साल असार २ गते आइतबार

**हेटौंडा उपमहानगरपालिकाका नगरसभाका अध्यक्ष एवम् सदस्यज्यूहरू**

१. गरिमामय यस सभामा हेटौंडा उपमहानगरपालिकाको उपप्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्दछु ।

२. लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि समयसमयमा भएका राजनैतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. नेपालको संविधान जारी भएपछिको स्थानीय तहको दोस्रो निर्वाचनको तेस्रो वर्षको सुरुवातसँगै स्थानीय सरकारले गरेका उपलब्धिमूलक कार्यले गर्दा नगरवासीमा नयाँ उत्साह थपेको छ ।

४. संविधानको परिकल्पनाअनुसार नगरको समग्र अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै नगर निर्माणका लागि नयाँ चरणको आर्थिक सुधार आवश्यक छ ।

५. आर्थिक तथा सामाजिक क्षेत्रमा देखिएका चुनौती संबोधन गर्दै आमनगरवासीमा आत्म विश्वास र आशा जगाउने दस्तावेजका रुपमा यो बजेटलाई प्रस्तुत गर्दछु ।

६. नगरबासीको आधारभूत हक तथा अधिकारप्रति सचेत रहँदै **"स्वच्छ, उत्पादनशील, समृद्ध शहर हेटौंडा"** भन्ने सोचका साथ आर्थिक सुधारका कार्यक्रम अगाडि बढाउन आगामी आर्थिक वर्षलाई आर्थिक सुधारको वर्ष घोषणा गरेको छु ।

७. सुशासन, सामाजिक न्याय र समृद्धिको सोचसहित नगरसभाले आवधिक योजना स्वीकृत गरेको सन्दर्भमा नगरवासीको जीवनमा अनुभूतयोग्य परिवर्तन हासिल गर्ने योजनाको उद्देश्य पुरा गर्न सघाउ पुग्ने गरी यस आर्थिक वर्षको बजेट तर्जुमा गरेको छु ।

८. बजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं योजना, दिगो विकासको लक्ष्य, चालु आर्थिक वर्षको समीक्षा, नगरसभामा पेस गरेको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतालाई प्रमुख आधार बनाएको छु । त्यसैगरी विषयगत समिति, सभाका सदस्य, राजनैतिक दल, संघसंस्था, निजी क्षेत्र तथा विकास साझेदार एवम् सञ्चार क्षेत्रलगायत नगरवासीबाट प्राप्त सल्लाह सुझावलाई समेत प्राथमिकतामा राखेको छु ।

**नगरसभा अध्यक्षज्यू,**

अब म आर्थिक वर्ष २०८०।८१ को प्रमुख उपलब्धिसहितको समीक्षा गरिमामय सभासमक्ष प्रस्तुत गर्दछु।

९. चालु आर्थिक वर्षमा पूर्वाधार विकास कार्यक्रम अन्तर्गगत ४९ करोड २६ लाख ६१ हजार २ सय ३० रुपैया वजेट विनियोजन भएकामा हाल सम्म १९ करोड ७४ लाख ७५ हजार ५ सय ३१ रुपैया खर्च हुन गई ४० प्रतिशत वित्तीय प्रगति भएको छ । जसअन्तर्गत नगरस्तरीय योजना ४० वटा र वडास्तरीय ८५६ वटा गरी ८९६ वटा सञ्चालन गरिएकामा हाल ४९२ सम्म वटा सम्पन्न भएका छन भने ४०४ वटा चालु अवस्थामा रहेको छ । सम्पन्न योजनावाट ३६ किलो मिटर क्रंकिट सडक निर्माण सम्पन्न भएका छ भने २.५ किलो मिटर सडक कालो पत्रे, सडक ग्रेभल ६.५ कि. मि. तथा ४ किलो मिटर नाला निर्माण सम्पन्न भएका छन । यसै गरी खानेपानी पूर्वाधार १२ वटा, विधालय पूर्वाधार २४ वटा, पर्यटन पूर्वाधार २१ वटा, खेलकुद पूर्वाधार ६ वटा, गुम्वा पूर्वाधार सुधार

२४ वटा, मन्दिर पूर्वाधार निर्माण ३४ वटा र स्वास्थ पूर्वाधार ७ वटा र शौचालय १७ वटा निर्माण सम्पन्न भएका छन । यसैगरी वस्ती संरक्षण एवं तटवन्धन २० वटा, सिँचाई योजना १३ वटा, सामुदायिक भवन पूर्वाधार एवं मर्मत संभार २४ वटा सम्पन्न भएका छन्। सडकमा रहेको अव्यवस्थित पोललाई व्यवस्थित गर्ने क्रममा नेपाल विधुत प्राधिकरणसंगको सहकार्यमा १५० वटा पोल व्यवस्थित गरिएको छ ।

१०. एक वडा एक खेलकुद पूर्वाधार निर्माण गर्दै जाने नीति अनुरुप हेटौंडा उपमहानगरपालिका वडा ७ नागस्वतीमा खेल मैदान निर्माण, वडा नं. १२ पदम पोखरीमा प्यारापिट र वडा नं.१७ मा फुटसल निर्माण सम्पन्न भएका छन भने वडा नं. ६ र १४ मा व्याडमिन्टन कोर्ट निर्माणाधीन अवस्थामा रहेको छ ।

११. वडा कार्यालको प्रशासनिक भवन क्रमशः निर्माण गर्दै जाने नीतिअनुरुप चालु आर्थिक वर्षमा ९ नं. वडा कार्यालयको भवन निर्माण सम्पन्न गरी सोही भवनवाट दैनिक सेवा सञ्चालन गरिएको छ । यसैगरी अधुरो स्वास्थ संस्थाको भवन निर्माणलाई क्रमश सम्पन्न गर्दै जाने नीतिअनुरुप वडा नं. १ को जरुवाटोलमा रहेको नकौली शहरी स्वास्थ केन्द्र र वडा नं. ४ को मोहन वज्राचार्य शहरी स्वास्थ केन्द्र निर्माण अन्तिम चरणमा रहेको छ ।

१२. यसै गरी उपमहानगरपालिका वडा नं १० मा रहेको फोहोर विसर्जन केन्द्र (LAND FILL SITE ) को दुर्गन्धि व्यवस्थापन गर्न तथा अन्य क्षती न्यूनीकरणको लागि कर्कटपातावाट १३५० मिटर घेरावारा गर्ने कार्य सम्पन्न भएको छ ।

१३. संघीय सरकारवाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रमतर्फ वडा नं.४ को श्रमिक माध्यमिक विद्यालयको भवन निर्माण कार्य भई रहेको छ भने समपूरक कार्यक्रमअन्तर्गत वडा नं १३ को पदमपोखरी मुख्य सडकको स्तरीकरण गर्ने कार्य भई रहेको छ । यसै गरी बागमती प्रदेश सरकारवाट हस्तान्तरित शसर्त अनुदान कार्यक्रमतर्फ वडा नं. १८ को ज्योति माध्यमिक विद्यालयको भवन, वडा नं. ७ को कर्णावती रोड निर्माणाधीन अवस्थामा रहेको छ भने वडा नं. १२ को वेल डाँडादेखि घलान टोल सडक स्लाव ढलान कार्य र वडा नं. १७ को गैरीगाउँ कृषि सिँचाई तथा नहर निर्माण कार्य सम्पन्न भएको छ । यसै गरी नगरपालिकाको आफनै स्रोतवाट वडा नं. १० को ज्ञानदा माध्यमिक विधालयको भवन निर्माण प्रारम्भ गरिएको छ ।

१४. सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत वडा नं. ३, ११, १६ र १९ को १५ विपन्न परिवारको घरमा खरको छाना हटाई कर्कटपाता लगाउने कार्य सम्पन्न भएको छ । यसै गरी बागमती प्रदेश सरकारवाट हस्तान्तरित समपूरक अनुदान कार्यक्रमअन्तर्गत वडा नं. १२ को तिनताप्केदेखि घडेरी डाँडा हात्तीगौंडा सडक स्तरीकरण गर्ने कार्य र वडा नं. १८ को फुर्केचौर-एक्लेखेत रिंगरोड स्तरीकरण कार्य कार्य अन्तिम चरणमा रहेको छ ।

१५. नगर विकास कोष (TOWN DEVLOPMENT FUND) सँग को साझेदारीमा सञ्चालित वडा नं. १० को एकीकृत वस टर्मिनल भवन आयोजना निर्माण सम्पन्न अन्तिम चरणमा छ । सडक वोर्ड नेपालको साझेदारीमा वडा नं. ४ को स्कुल रोड, पारिजात पथ र नन्दस्थान रोडको कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। विकट वडामा सडक यातायातमा पहुँच विस्तार गर्ने कनेक्टिभिटी सडकको रुपमा वडा

नं.१९ को शेरशेर-कुवापानी सडक निर्माण कार्यलाई प्राथमिकताको साथ वजेट विनियोजन गरी सडक स्तरीकरण कार्य सञ्चालन गरिएको छ । यसै गरी वाग्मती प्रदेश भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको लागत साझेदारीमा निर्माण भई रहेको प्रादेशिक तरकारी तथा फलफुल थोक वजार निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

१६. उपमहानगरपालिकावाट सम्पादन हुने कार्यलाई प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुरयाउने साझेदार निकायको मागअनुसार राष्ट्रिय अनुसन्धान ईन्टेलिजेन्स शिक्षालय, मालपोत कार्यालय, नापी कार्यालय र जिल्ला ट्राफिक कार्यालयलाई महत्वपूर्ण पूर्वाधार सहयोग उपलव्ध गराइएको छ । यसै गरी हेटौंडा अस्पताल पूर्वाधार निर्माणको लागि रु. ८० लाखको पूर्वाधार निर्माण सम्वन्धी संझौता गरी निर्माण कार्य अगाडी वढाईएको छ ।

१७. कुल लागत ४ करोड ६१ लाख ५० हजार रुपैया रहेको ११ नं वडामा सिमलटार खानेपानी आयोजना सञ्चालनको लागि खानेपानी तथा सरसफाई डिभिजन नं. १ हेटौंडा र हेटौंडा खानेपानी व्यवस्थापन वोर्डसँग संझौता भई निर्माण कार्य प्रारम्भ गरिएको छ ।

१८. अन्तरपालिका समन्वय कार्यक्रमअन्तर्गत जिल्लाभित्र मनहरी गाउँपालिकाको वडा नं. ९ अग्नीहोत्र आश्रममा प्रतीक्षालय निर्माण र मकावन पुरगढी गाउँ पालिकाको वडा नं. २ गढी परिसरमा तत्कालीन मकवानपुर राज्यका प्रधानमन्त्री तथा सेनापती कनकसिं बानियाँको प्रतिमा स्थापना गरिएको छ। यसैगरी सोही कार्यक्रमअन्तर्गत जिल्लाबाहिर कालिकोट जिल्लाको पचालझरना गाउँपालिका र सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङ्गपाल गाउँपालिकालाई सहयोग उपलव्ध गराइएको छ ।

१९. आयोजना कार्यान्वियनसँग सम्बद्ध उपभोक्ता समितिको पदाधिकारीको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले उपभोक्ता समितिको पदाधिकारीको लागि आयोजना सञ्चालनसम्बन्धी अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।

२०. भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखावाट भवन निर्माणको लागि पेस भएको २८६ वटा नक्सा पाससम्वन्धी निवेदन मध्ये २७५ वटा भवनको नक्सा पास गरिएको छ । स्थानीय जलस्रोत उपयोग कार्यविधि वमोजिम ६ वटा नयाँ जल उपभोक्ता समिति दर्ता गरी प्रमाणपत्र उपलव्ध गराइएको छ ।

२१. उपमहानगरपालिकाको साधन, स्रोत, आवश्यकता, विशिष्ट संभावना र अवसरलाई पहिचान गरी स्वच्छ, उत्पादनशील, समृद्ध शहरको दीर्घकालीन सोचसहित आर्थिक, सामाजिक र वातावरणीय सन्तुलन कायम गरी उपमहानगरको समग्र विकासको लागि आगामी वर्षदेखि लागुहुने गरी आवधिक योजना निर्माण गरिएको छ ।

२२. यसै गरी योजना तथा कार्यक्रमको सरल कार्यान्वयन तथा शिघ्र भुक्तानी व्यवस्थापन गर्नको लागि प्रभावकारी योजना अनुगमनलाई जोड दिइएको छ । चालु वर्षको जेठ मसान्तसम्ममा ४१ वटा नगरस्तरीय योजनाको स्थलगत अनुगमन गरी तथा ५५ वटा कार्यक्रम समेत ९६ वटा योजना तथा कार्यक्रमको फरफारकको सिफारिस गरिएको छ ।

२३. चालु आर्थक वर्षको वार्षिक कार्यक्रममा स्वीकृत प्रक्षेपित आय अनुमानअनुसार संघीय सरकारवाट प्राप्त हुनुपर्ने रकममा भएको भारी कटौती र आन्तरिक स्रोत सङ्कलनमा अनपेक्षित कमीका कारण चालु वर्षमा सम्पन्न हुने सवै योजना तथा कार्यक्रमको भुक्तानी गर्न नसकिने जोखिम बढेको छ ।

**अब म सामाजिक विकासतर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त विवरण पेस गर्ने अनुमति चाहन्छु।**

२४. आर्थिक वर्ष २०८०/८१ मा आधारभूत तथा माध्यमिक शिक्षा र खेलकुद विकासका लागि ३० वटा नीति तथा कार्यक्रमका आधारमा ३० वटा विषयमा बजेट व्यवस्थापन भएकामा ७ वटा नीति पूर्ण रुपमा कार्यान्वियन र ४ नीति आंशिकमा रुपमा कार्यान्वयनमा आएका छन् भने १९ वटा कार्यक्रमको अवस्था सन्तोषजनक मात्र रहेको छ ।

२५. वाल विकास केन्द्रमा कार्यरत सहजकर्तालाई साविकका खाइपाए आएको मासिक पारिश्रमिकमा रु. तीन हजार बृद्धि गरी रु. बीस हजार बनाइ प्रोत्साहित गरिएको छ भने नगरको शैक्षिक रुपान्तरण तथा विकासका लागि नगर शिक्षा नीति र नगर शिक्षा सुधार योजना तयार गरिएको छ ।

२६. शिक्षण सिकाइ प्रवर्द्धन गर्न नमुना ज्ञान पार्क (Knowledge Park) स्थलका लागि यसको मोडालिटीसहित कार्य गर्न संभाव्यता अध्ययन गरिएको छ भने संस्थागत विद्यालयलाई सहजीकरण एवम् नियमन गर्न आवश्यक कानुन बनाई वर्गीकरण कार्य सम्पन्न भएको छ ।

२७. विद्यार्थी सङ्ख्या र भूगोलका आधारमा विद्यालय समायोजन तथा शिक्षक एवम् सहजकर्ताको दरबन्दी मिलान र व्यवस्थापन गरिएको छ ।

२८. सामुदायिक क्याम्पसमा स्नातक तह तेस्रो र चौथो वर्षमा अध्ययनरत नगरका स्थायी बसोवासी सबै विद्यार्थीलाई छात्रवृत्ति सुनिश्चित गरी अध्ययन निरन्तरतामा सहयोग गरिएको छ ।

२९. बालबालिकालाई विद्यालय तथा उच्च शिक्षाको अवसरबाट वञ्चित हुन नदिन मेयर केयर कार्यक्रम (छात्रवृत्ति, पोसाक, शैक्षिक सामग्री) लाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन भएका छन् भने शैक्षिकसत्र २०८१ देखि लागू हुने गरी आधारभूत तह कक्षा ४-८ को स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइएको छ।

३०. ट्युसन/कोचिङ्ग सेन्टर, होस्टल, निजी क्षेत्रबाट सञ्चालित प्रारम्भिक बालविकास केन्द्र र शिशु स्याहार केन्द्रलाई व्यवस्थित गर्ने, नियमन गर्ने कार्यको थालनी भएको छ भने शैक्षिक क्यालेण्डर निर्माण गरी विद्यालयका वार्षिक कार्यक्रमलाई व्यवस्थित बनाइएको छ ।

३१. नगर क्षेत्रभित्रका विद्यालयमा प्रयोगमा रहेका यातायातका साधनको व्यवस्थित सञ्चालन गर्न मापदण्ड बनाई लागू गरिएको छ ।

३२. अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ को दफा ३६ को प्रतिवेदन प्रयोजनार्थ नगर क्षेत्रभित्र सार्वजनिक र निजी विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या ५४२२४, आधारभूत तहसम्म

विद्यालयमा भर्ना भएका बालबालिकाको सङ्ख्या ४२४३४, विद्यालयमा भर्ना भई शैक्षिक सत्र २०८० मा आधारभुत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थी संख्या १६१० रहेका छन् ।

३३. विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ शील्डका अतिरिक्त क्रिकेट, मेयर कप फुटबल, उपमेयर कप भलिबल, राष्ट्रिय महिला भलिबललगायतका खेल सञ्चालन भएका छन् । त्यसैगरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने विविध खेलमा खेलाडी सहभागिताको प्रत्याभूति भएको छ ।

३४. नगरभित्रका युवा लक्षित कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न भएका छन् भने अन्तर्राष्ट्रिय/राष्ट्रिय/प्रदेशस्तरीय खेलमा पदक जित्ने नगर क्षेत्रभित्रका खेलाडीलाई सम्मान गरिएको छ ।

३५. स्वास्थ्य सेवाको रिपोर्टिंग सिस्टमलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको अनलाई प्रविष्टि, DHIS2, eTB, eLMIS सम्पूर्ण स्वास्थ्य संस्थाबाट र eHMIS ९ वटा स्वास्थ्य संस्थाबाट सञ्चालन गरिएको छ।

३६. हेटौंडा अस्पतालबाट नि:शुल्क डायलासिस सेवा प्रदानका लागि सहकार्य स्वरुप व्यवस्थापनमा आवश्यक सहयोग उपलब्ध गराइएको छ । साथै मातृशिशु कक्ष भवन निर्माणका लागि सहयोग उपलब्ध गराइएको छ ।

३७. भिटामिन "ए" कार्यक्रमअन्तर्गत कार्तिक र बैशाखमा सञ्चालित अभियानमा २४,२१२ जना बालबालिकालाई भिटामिन "ए" र २०,५०४ जना बालबालिकालाई जुकाको औषधि खुवाइएको छ । त्यसैगरी स्वास्थ्यकर्मी परिचालन गरी १ हजार ३३ जना आमालाई PNC जाँच तथा पोषण कोसेली उपलब्ध गराइएको छ ।

३८. हर्नामाडी स्वास्थ्य चौकीमा सुरक्षित प्रसुतिसम्बन्धी क्लिनिकल अपडेट कार्यक्रम सम्पन्न गरिएको छ । विभिन्न संस्था मार्फत र अन्य निकायसँगको साझेदारीमा नगरका ७ स्थानमा महिलाको पाठेघर मुखको क्यान्सर जाँच, दन्त उपचारलगायतका अन्य स्वास्थ्य शिविर सम्पन्न गरिएको छ ।

३९. नगरको सहयोगमा नेपाल रेडक्रस सोसाइटीवाट सञ्चालित ब्लड बैंकमार्फत उपचारको क्रममा २२५ जना विरामीलाई ७९४ पिन्ट रगत निशुल्क उपलब्ध गराइएको छ ।

४०. वडा नं. ८, १३ र १९ मा सक्रिय क्षयरोग खोज विधिबाट २५१ जनाको परीक्षण गरिएकामा ५ जनामा क्षयरोगको लक्षण देखिएको थियो ।साथै चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा नगरका २९४ जनालाई कडा रोग उपचार सहयोगका लागि विपन्नताको सिफारिस गरिएको छ।

४१. डेंगू रोगको प्रकोप नियन्त्रणका लागि पालिकास्तरीय १, वडा स्तरीय १९, विद्यालयस्तरीय ६४, टोल तथा समुदायस्तरीय १९०, महिला स्वास्थ्य स्वयंसेविका स्तरीय ९२ गरी कुल ५८६ समुहमा अभिमुखीकरण सञ्चालन गरी लार्भा नष्ट अभियान सम्पन्न गरिएको छ भने सवै वडाका स्वास्थ्य संस्थालाई पूर्ण खोप सुनिश्चिता तथा दिगोपन घोषणा सम्पन्न गरिएको छ।

४२. आयुर्वेद स्वास्थ्य संस्थाबाट नियमित तथा दैनिक रुपमा जेष्ठ नागरिक सेवातर्फ ३०० जना, पूर्व-कर्म सेवातर्फ ३५८ जना तथा स्तनपाई आमालाई मातृ-शिशु सुरक्षार्थ सेवातर्फ १४८ जनालाई सेवा प्रदान गरिएको छ ।

४३. नागस्वती शहरी स्वास्थ्य केन्द्रमा निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन गरी २०० जना सेवाग्राहीलाई सेवा दिएको छ भने नगरप्रहरी, स्वास्थ्यकर्मीलगायत ३० जना सहभागी कर्मचारीलाई दुईदिने नश्या-कर्म सेवा कार्यक्रम सञ्चालन गरेको ।

**सभाध्यक्ष महोदय,**

**अव म महिला तथा वालवालिका विकास महाशाखाबाट सम्पादन भएका कामको प्रगति समीक्षा पेस गर्दछु ।**

४४. वेवारिसे अवस्थामा फेला परेको नवजात शिशुलाई कानूनबमोजिम वैकल्पिक हेरचाहकर्ता तोकी संरक्षणको जिम्मेवारी प्रदान गरिएको छ । बालमैत्री स्थानीय शासनयुक्त नगर निर्माणका लागि १९ वटै वडामा बालमैत्री सूचकमा आधारित अनुगमन तथा सुपरिवेक्षण कार्यको थालनी गरिएको छ ।

४५. बालमैत्री स्थानीय शासनका लागि पूरा गर्नुपर्ने ५१ वटा सूचकमध्ये १८ वटा वडामा अधिकांश सूचक पूरा भएका छन् भने बालमैत्री स्थानीय सरकार घोषणाका लागि सवै सूचक प्रासिको सुनिश्चताका लागि पूर्वधार पूरा भएको छ ।

४६. नगरभित्र ३९६ बाल समूह/संजाल गठन भएका छन् भने हेटौंडा पुष्पलाल पार्क र वडा नं. ४ मा रहेको चिल्ड्रेन पार्कमा बालबालिकाको सिकाइको लागि बालमैत्री स्रोत सिकाइ केन्द्र स्थापना गरी सञ्चालन गरिएको छ ।

४७. कठिन परिस्थितिमा रहेका ५५ जना बालबालिकालाई शैक्षिक सामाग्री तथा खाद्यान्न वितरण गरिएको र जोखिममा रहेका बालबालिकाको १० अभिभावकलाई संस्थागत साझेदारीमा आयआर्जनको लागि व्यवसायमा सहयोग गरिएको छ ।

४८. नगरभित्रको विभिन्न स्थानबाट ३४ जना बालश्रममा रहेका बालबालिकाको उद्धार तथा पारिवारिक पुर्नस्थापना एवम् पुर्नमिलन कार्य गरिएको छ ।

४९. अपाङ्ग बाल अस्पताल पुर्नस्थापना केन्द्र, बनेपासँगको सहकार्यमा १८ वर्षसम्मका अपाङ्गता भएका १५६ जना बालबालिकाको लागि निःशुल्क स्वास्थ्य परीक्षण तथा अपाङ्गता सहायक सामाग्रीको नापजाँच सम्पन्न भएको छ ।

५०. आर्थिक वर्ष २०८०/८१ को जेठमसान्त सम्ममा ४६ जना “क” वर्ग, ६६ जना “ख” वर्ग, १७ जना “ग” वर्ग र ५ जना “घ” वर्गको गरी जम्मा १३४ जना व्यक्तिलाई अपाङ्गता परिचयपत्र प्रदान गरिएको छ ।

५१. टोल विकास संस्था नगर समन्वय समितिको सहकार्यमा सबै नयाँ गठन भएका वडा समन्वय समितिलाई समेटी टोल विकास संस्थाका पदाधिकारीलाई लेखा व्यवस्थापन तालिम र नेतृत्व तथा क्षमता विकास तालिमलगायतका छ वटा कार्यक्रम सम्पन्न गरिएको छ।

५२. क्षमता विकास कार्यक्रमअन्तर्गत गैरसरकारी संस्था तथा अन्य संघसंस्थासँगको साझेदारी एवम् सहकार्यमा लैङ्गिक हिंसा, लागु पदार्थ दुर्व्यसनी, नेतृत्व क्षमता विकास, भाषण कला, भाषा प्रशिक्षण, प्रस्तावना तथा प्रतिवेदन लेखन, स्मारिकालगायतका सचेतनामूलक कार्यक्रम सञ्चालन भएका छन् ।

५३. सिप विकास कार्यक्रमअन्तर्गत विभिन्न संघसंस्थाको साझेदारीमा काठको ठेकी निर्माण तालिमलगायतका मागमा आधारित आयमूलक तथा सिपमूलक तालिम प्रदान गरिएको छ।

५४. महिला, दलित, जनजाति, मधेसीलाई लक्षित गरी सञ्चालन गरिएको सहायकस्तरको लोक सेवा तयारी कक्षाबाट ४० जनाभन्दा बढी व्यक्ति लाभान्वित भएका छन्।

५५. फोहोरमैला व्यवस्थापन, लागुऔषध दुरुत्साहन, वातावरण संरक्षण लगायतका गम्भीर विषयमा स्थानीय बासिन्दालाई सचेत गराउन राष्ट्रिय तथा स्थानीयस्तरको कलाकारसँग सहकार्य गरी विभिन्न सडक नाटक सञ्चालन गरिएका छन् ।

५६. तामाङ, मगर, नेवार, थारुलगायतका विभिन्न जाति तथा धार्मिक समूहको भाषा कला सँस्कृति संरक्षणको लागि आवश्यक भेषभुषा, बाजा, शङ्ख बजाउने, डम्फू सेलोलगायतका तालिम साथै विभिन्न साँस्कृति कार्यक्रम एवम् पर्वमा सहयोग प्रदान गरिएको छ ।

५७. सामाजिक परिचालनका लागि टोल विकास संस्था गठन तथा परिचालन कार्यलाई निरन्तरता दिने क्रममा चालु आर्थिक वर्षको जेठ मसान्तसम्म नयाँ थप ६ वटा टोल विकास संस्था दर्ता भई नगर क्षेत्रभित्र टोल विकास संस्थाको सङ्ख्या ३७२ वटा पुगेको छ।

५८. चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्तातर्फ जेष्ठ नागरिक (६८ वर्षभन्दा माथि) ८ हजार ९६६ जना, जेष्ठ नागरिक दलित (६० वर्षभन्दा माथि ७० भन्दा कम) ३८४ जना, एकल महिला (६० वर्षभन्दा माथि ६८ भन्दा कम) १ हजार ३३० जना, विधुवा महिला (जुन सुकै उमेर) २ हजार ३५३ जना, पूर्ण अपाङ्गता ३१५ जना, अति अशक्त अपाङ्ग ६१३ जना र ५ वर्ष मुनिका दलित बालबालिका बाल संरक्षण अनुदान ६३३ जना गरी कुल १४ हजार ५ सय ९४ जना लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका छन् ।

५९. चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा जन्म दर्ता २ हजार ६३६, मृत्यु दर्ता ८७५, विवाह दर्ता १ हजार ३०६, सम्बन्ध विच्छेद २३७, बसाईं सरी आउने परिवार संख्या ७७८ र बसाईं सरी जाने परिवार संख्या ४६३ गरी जम्मा ६ हजार २९५ घटना दर्ता भएका छन्।

**आदरणीय सभाध्यक्षज्यू,**

**अब म आर्थिक विकासतर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त विवरण पेस गर्ने अनुमति चाहन्छु।**

६०. जमीनको बढ्दो खण्डीकरणलाई निरुत्साहित गर्दै जग्गाको व्यवस्थित उपयोगको लागि जग्गाको वर्गीकरण गर्ने कार्यलाई आवश्यक पुनरावलोकन कार्य सुरु गरिएको छ ।

६१. ड्रागन, केरा, मेवा, खरबुजालगायतका फलफुल तथा तरकारी उत्पादनमा नगरले गरेको सहयोगले उत्पादनमा बृद्धि भएको छ भने महिला सहकारीबाट उत्पादित गुन्द्रुक अनुज्ञापत्र प्राप्त भई बजारीकरणको सुरुवात भएको छ ।

६२. वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा बेरोजगार युवालाई लक्षित गरी व्यावसायिक कृषिमा आकर्षित गर्न आवश्यक कार्यक्रम सञ्चालन भएका छन् ।

६३. नगर क्षेत्रमा उन्नत बाली प्रवर्द्धनका लागि किसानलाई उन्नत बालीको बिउमा अनुदान कार्यक्रमअन्तर्गत उन्नत गहुँ ३,७५५ केजी, तोरी २,२९० केजी र सात हजार पाकेट तरकारी मिनिकिट वितरण तथा परीक्षण गरिएको छ।

६४. नगरमा भएका धान तथा तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरतातर्फ वडा नं. १८ र १३ मा क्रमश: धान र तरकारी पकेट कार्यक्रम सञ्चालन गरिएको छ ।

६५. आकस्मिक बाली क्षतिपूर्ति सहयोग कार्यक्रमअन्तर्गत केरा, धान र मकैमा रु. ३,५४,००० क्षतिपूर्ति रकम सहयोग गरिएको छ ।

६६. "एक गोठ, एक पाडी" कार्यक्रममार्फत् दुधको उत्पादन बढाउन पाडी पालन कार्यक्रमलाई अनुदानमा आबद्ध गरी सञ्चालन गरिने कार्यको थालनी भएको छ ।

६७. कृषि औजारको पहुँच कम रहेका सीमान्तकृत किसानलाई खेती प्रणाली सहजीकरणका लागि हल गोरु पालन प्रोत्साहन कार्यक्रमलाई अनुदान उपलब्ध गराइएको छ ।

६८. प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् नगर क्षेत्रमा रहेका वेरोजगार सूचीमा सूचीकृत कामदारलाई विकास कार्यमा अधिकतम परिचालन गरिने छ ।

६९. संघीय सरकारको सशर्त अनुदान कार्यक्रमतर्फ फलफूल प्रबर्द्धन कार्यक्रम सञ्चालन गरी संघीय सरकारको फलफुल दशक कार्यक्रमलाई सहयोग गर्ने गरी फलफुल कार्यक्रम सञ्चालन गरिएका छन्।

७०. नगर क्षेत्रमा किसानलाई सहज सेवा उपलब्ध गराउन ७ वटा पशु सेवा केन्द्रमार्फत् पशु सेवा उपलब्ध गराइएको छ भने पशु सेवा विज्ञ केन्द्र मकवानपुर समेतको सहयोगमा ५५,००० बाख्रामा पिपिआर खोप कार्यक्रम सञ्चालन गरिएको छ।

७१. मागमा आधारित रही १२ जना गरिव विपन्न कृषकलाई नगरपालिकाले रु. ४०,००० र लाभग्राहीले १८ हजार बेहोर्ने गरी लागत साझेदारीमा गाई किन्न अनुदान प्रदान गरिएको छ ।

७२. सङ्घीय सशर्त अनुदानअन्तर्गत प्राप्तसँग उत्पादनमा आधारित अनुदानमा मासु, दुध, हरियो घाँस प्रबर्धन कार्यक्रम सञ्चालन भएका छन् ।

७३. महामारीको रुपमा गाई-भैंसीमा देखिएको खोरेत रोग बिरुद्ध करिब ४५,००० डोज भ्याक्सिन लगाइएको छ । साथै पशु स्वास्थ्य केन्द्रबाट प्राथमिक उपचारका औषधी बितरणसहित प्राविधिक सेवा उपलब्ध गराइएको छ।

७४. नगरका प्राथमिकताका विभिन्न अनुदानका कार्यक्रम (एक गोठ एक पाडी अनुदान कार्यक्रममा १०० जना लाभान्वित, युवा लक्षित पशुपालननमा १९ जना, कार्यक्रम ग्रामीण कुखुरा प्रवर्धन कार्यक्रममा २० जना र हल गोरु पालन प्रोत्साहन कार्यक्रममा ८, गरिव विपन्न तथा एकल महिला पशुपालन कार्यक्रममा २५ जना, छोरी पशुधन कार्यक्रममा ९ जना, माछा तथा हास प्रवर्धन कार्यक्रम २ जना

र रैथाने गाई प्रवर्धन कार्यक्रममा ५ जना मागमा आधारित कार्यक्रम २४ जना गरी ११२ जना कृषकलाई जम्मा रु. १ करोड ७ लाख (आन्तरिकसमेत) अनुदान दिइएको छ ।

७५. स्वरोजगार सिर्जनाका लागि सञ्चालित वारिष्टा, सिलाइ बुनाई, पार्लर, गुन्द्रुक, तोफु, थाकल, ढाका, अचार जस्ता तालिम कार्यक्रम सम्पन्न भएका छन् ।

७६. गार्मेन्ट उद्योग सञ्चालन गरी ५० जनाभन्दा बढीले रोजगारी पाउनुका साथै आयआर्जनसँग जोड्ने कार्य सम्पन्न भएको छ भने सहकारीलाई एकीकृत सूचना प्रणालीमा प्रविष्ट गर्नका लागि कोपोमिस प्रणालीमा आवद्ध गरिएको छ ।

७७. चिसापानी वचत तथा ऋण सहकारी संस्था लिमिटेड, अशोक वाटीका वचत तथा ऋण सहकारी संस्था लिमिटेड र आधुनिक वचत तथा ऋण सहकारी संस्था लिमिटेड मर्ज गरी आधुनिक वचत तथा ऋण सहकारी संस्था लिमिटेड बनाइएको छ भने ज्योति वचत तथा ऋण सहकारी संस्था लिमिटेड र सजिलो उपभोक्ता सहकारी संस्था लिमिटेड मर्ज गरी ज्योति वचत तथा ऋण सहकारी संस्था लिमिटेड कायम गरिएको छ । त्यसैगरी चुरे शिखर कृषि सहकारी संस्था लिमिटेड र गोरस दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडलाई मर्ज गरी चुरे शिखर कृषि सहकारी संस्था लिमिटेड बनाइएको छ ।

७८. आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन नगर र आसपास क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, प्राकृतिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण तथा प्रबर्धन गर्न वृत्तचित्र निर्माण गरिएको छ ।

७९. आन्तरिक पर्यटनमा टेवा पुर्याउन खाना महोत्सव एवम् स्थानीय उद्यम प्रबर्धन मेला आयोजना गरिएको छ । साथै पर्यटन विकासमा हाइकिङ्ग संस्कृति प्रबर्धन गर्न हेटौंडादेखि मकवानपुर गढीसम्म पैदल (फुट ट्रेल) मार्ग निर्माण गरिएको छ ।

८०. नगर क्षेत्रभित्र रहेका पुरातात्विक महत्त्वका तीनवटा सम्पदाको पहिचान गराउन संक्षिप्त विवरणसहितको चिनारी नेमप्लेट राख्ने कार्य सम्पन्न भएको छ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

८१. अब म सुशासन तथा सूचना प्रविधि क्षेत्रतर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त प्रगति समीक्षा पेश गर्ने अनुमति चाहन्छु ।

८२. सेवालाई व्यवस्थित गर्न चालु आर्थिक वर्षमा नियमावली ३, निर्देशिका ३, कार्यविधि ९ गरी १५ वटा कानुन जारी भएका छन् भने ऐन १, कार्यविधि ५, मापदण्ड १ गरी ७ वटा कानुन संशोधन गरी लागु गरिएको छ। चालु आर्थिक बर्षसम्ममा जम्मा १४० कानुन निर्माण भई कार्यान्वयनमा रहेका छन् ।

८३. सेवा प्रवाहतर्फ नागरिकता सिफारिस २ हजार ९ सय ५९, नागरिकता प्रतिलिपि सिफारिस ४ हजार ९०, चौहद्धि सिफारिस ७ हजार ५५०, नाता प्रमाणित सिफारिस १ हजार २५, खानेपानी धारा जडान सिफारिस ८२२, विजुली जडान सिफारिस १ हजार १३१, वस्तुगत विवरण ५ हजार ६११, जग्गा नामसारी सिफारिस ३७५, नाता सम्बन्ध सिफारिस ३ हजार ७४० र अन्य सिफारिस ५२ हजार ४७९ गरी कुल जम्मा ७९ हजार ७८० सिफारिस भएका छन् ।

८४. प्रचलित कानुनबमोजिम गठन भएका समितिमध्ये नगरसभा १, कार्यपालिका २२, न्यायिक समिति ४४, आर्थिक विकास समिति १२, सुशासन तथा संस्थागत सेवा प्रवाह समिति ४, वन वातावरण तथा विपद व्यवस्थापन समिति ९, पूर्वाधार विकास समिति ८, कानुन मस्यौदा समिति १८, राजश्व परामर्श समिति १३, फरफारक समिति ३६, विधायन समिति ८ र शिक्षा समिति ५ पटक बैठक बसी कानुन निर्माण र सेवा प्रवाहमा आवश्यक निर्णय गरेका छन् ।

८५. नगरको वातावरणीय स्वच्छता र सौन्दर्य अभिबृद्धिका लागि बजार क्षेत्रमा दैनिक सडक सरसफाई, फोहर सङ्कलन, क्यारी निर्माण, कर्भस्टोनमा रङ लगाउने तथा सडकका खाल्डाखुल्डी पुर्ने कार्य, आवश्यक्ताअनुरुप औषधी डिसइन्फेक्टेन्ट छर्ने, नाला सफाइ जस्ता कार्य गरिएको छ।

८६. कार्यालयको उपकरण प्रयोग गरी ५६ ट्रिप (शुल्क २९ र निशुल्क २७) लेदोजन्य सेफ्टी ट्याङ्कर फोहर व्यवस्थापन गरिएको छ। ३५ वटा वेवारिसे लास सद्गत गरिएको छ। शवदाह मेसिनबाट २१६ वटा शव निःशुल्क सद्गत गरिएको छ। १९२ परिवारलाई शव वाहन सेवा प्रदान गरिएको छ । आगलागी नियन्त्रणका लागि बारुण यन्त्रबाट १४७ पटक (नगरभित्र १२२ र नगरबाहिर २५) सेवा उपलब्ध गराइएको छ।

८७. सफा हेटौंडा अभियान "Together We Can" अन्तर्गत नगरको मुख्य बजार क्षेत्रमा टिपन टापनको व्यवस्थापन मिलाइएको र जनचेतनाका लागि सडक नाटक कार्यक्रम सञ्चालन गरिएको छ ।

८८. विभिन्न स्थानको घर गोठमा आगलागी तथा विनाशकारी हावाहुरीबाट क्षति भएका २४ घर परिवारलाई तत्काल राहत वितरण गरिएको छ भने प्रकोप व्यवस्थापन कोषबाट नगरका विभिन्न क्षेत्रमा प्रकोप रोकथाम तथा विकास निर्माणका कार्यको लागि १५ वटा योजना सम्पन्न भएका छन् ।

८९. न्यायिक समितिमा नयाँ दर्ता भएका विवाद संख्या २३८, प्रक्रियामा रही अघिल्लो वर्षबाट जिम्मेवारी सरेका उजूरी २८ गरी कुल २६६ उजुरी रहेका थिए जसमध्ये मिलापत्र भएको ११५, अन्य न्यायिक निकायमा जान सुनाइएको १०, अदालत जान सुनाइएको ३६, वडा मेलमिलाप केन्द्रमा छलफलको प्रक्रियामा रहेको ५२, न्यायिक समितिमा प्रक्रियामा रहेको २९, मुद्धा फिर्ता ४, मुलतवी ११, तामेलीमा राखिएको ३ र ६ वटा उजुरी डिसमिस भएका छन्।

९०. समितिको स्वीकृत कार्यक्रमअन्तर्गत पाक्षिक न्यायिक डबली रेडियो कार्यक्रम, क्यालेण्डर छपाई, न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता र कर्मचारीको अवलोकन भ्रमण कार्यक्रम, समुदाय स्तरीय न्यायिक अनुशिक्षण, वार्षिक समीक्षा तथा टेलिभिजन कार्यक्रम, मेलमिलापकर्ताको पुनर्ताजगी तालिम, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षासम्बन्धी तालिम सम्पन्न भएका छन् ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

**अब म आन्तरिक तथा बाह्य राजस्व परिचालनको क्षेत्रमा भएको प्रगतिबारे संक्षिप्त समीक्षा पेस गर्दछु।**

९१. संघीय सरकार वित्तीय हस्तान्तरणअन्तर्गत समानीकरण अनुदानअन्तर्गत रु. ३१ करोड ४ लाख आय अनुमान गरिएकामा आम्दानी रु. २३ करोड ३ हजार ७४४ अर्थात् ७४.११ प्रतिशत प्रगति हासिल भएको छ । संघीय सशर्त अनुदान चालुतर्फ रु. ७९ करोड ९६ लाख ७० हजार अनुमान गरिएकामा रु. ७९ करोड ९४ लाख ४६ हजार अर्थात् ९९.९७ प्रतिशत प्रगति हासिल भएको छ । सशर्त

पुँजीगततर्फ रु.१ करोड ७२ लाख अनुमान गरिएकामा रु. १ करोड ५२ लाख अर्थात् ८८.३७ प्रतिशत प्रगति हासिल भएको छ । संघीय विशेष अनुदानतर्फ रु. ९५ लाख अनुमान भएकामा रु. ४७ लाख ५० हजार अर्थात् ५० प्रतिशत प्रगति हासिल गरिएको छ । संघीय समपूरक अनुदानतर्फ रु. १ करोड ७५ लाख आय अनुमान गरिएकामा रु. १ करोड ३१ लाख २५ हजार अर्थात् ७५ प्रतिशत प्रगति हासिल गरिएको छ । बागमती प्रदेश सरकारको विभिन्न शीर्षकमा रु. ११ करोड २९ लाख ३८ हजार अनुमान गरिएकामा सतप्रतिशत प्रगति हासिल भएको छ । राजस्व बाँडफाँडतर्फ रु. ६६ करोड ५४ लाख १० हजार ७३० अनुमान गरिएकामा रु. ३५ करोड ९८ लाख ५४ हजार ६७७ अर्थात् ५२.८८ प्रतिशत प्रगति हासिल गरिएको छ । आन्तरिक स्रोतको आम्दानीतर्फ रु. ९७ करोड ३६ लाख ४६ हजार २७० अनुमान गरिएकामा रु. ८५ करोड ७६ लाख ८२ हजार १९० अर्थात् ८८.०९ प्रतिशत प्रगति हासिल गरी जेष्ठ मसान्तसम्म ८२.०६ प्रतिशत राजश्व परिचालनतर्फ प्रगति हासिल भएको छ ।

**सभाध्यक्षज्यू,**

**अब म यस उपमहानगरपालिकाको बजेट तथा खर्च (चालु र पुँजीगत) को वित्तीय प्रगतिबारे संक्षिप्त विवरण पेस गर्ने अनुमति चाहन्छु ।**

९२. यस शीर्षकमा कुल बजेट रकम रू. १ अर्ब २७ करोड ३७ लाख २३ हजार २ सय ५६ रुपैया २३ पैसा विनियोजन भएकामा चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा रु. ६० करोड ८३ लाख ६३ हजार ९ सय ८५ रुपैया ८२ पैसा खर्च हुन गई वित्तीय प्रगति ४७.७६ प्रतिशत हुन गएको छ । वित्तीय व्यवस्थातर्फ रु. १ करोड विनियोजन भएकामा ८० लाख ९५ हजार ८ सय ११ रुपैंया ३ पैसा खर्च हुन गई वित्तीय प्रगति ८०.९५ प्रतिशत हासिल हुन गएको छ । समग्रमा जेष्ठ मसान्तसम्म ५८.६५ प्रतिशत आर्थिक प्रगति हासिल भएको छ ।

९३. यस शीर्षकअन्तर्गत १ अर्ब ६२ करोड २५ लाख ४१ हजार ७ सय ४३ रुपैंया ७७ पैसा बजेट विनियोजन भएकामा चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा रू. १ अर्ब ८ करोड ८१ लाख ९४ हजार २ सय ३४ रुपैया ८९ पैसा खर्च भई ६७.०६ प्रतिशत प्रगति हासिल गरिएको छ ।

९४. चालु तथा पूँजीगत खर्चका लागि स्रोतमा भएको अपर्याप्ताका कारण समयमा नै भुक्तानी दिन नसकिएकाले कारण वित्तीय प्रगति अपेक्षाकृत हुन सकेको छैन ।